श्री

काठमाडौं जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री नवराज दुंलाल

आदेश

मुद्दा नं ०८३-C१-०१४२

नेपाल सरकार..........................................................................................वादी

विरुद्ध

पृथ्वी बहादुर पाँडे..........................................................................................प्रतिवादी

मुद्दाः ठगी तथा संगठित अपराध।

यसमा निवेदनपत्रसाथ उपस्थित भएका प्रतिवादी पृथ्वी बहादुर पाण्डेको बयान कार्य सम्पन्न भै प्रतिवादी पृथ्वी बहादुर पाँडेको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री शम्भु थापा अधिवक्ताहरू श्री दीपक श्रेष्ठ श्री सेमन्त दाहाल श्री अपुर्व खतिवडा श्री दिपेन्द झा र श्री शार्दुल थापाले गर्नु भएको बहस समेत सुनियो।

प्रतिवादी पृथ्वी बहादुर पाँडेलाई प्रचलित मुलुकी अपराध संहिता, २०७४ को २४९ को उपदफा (१) र २ बमोजिमको कसूरमा ऐ ऐनको दफा २४९ को उपदफा (३) को खण्ड (क) बमोजिम सजाय गरी संगठित अपराध निवारण ऐन,२०७० को दफा ३ को उपदफा (१) (२) र (३) को देहाय (क) बमोजिमको कसूरमा दफा ९(क) बमोजिम थप सजाय गरी ठगी भएको विगो जाहेरवालालाई भराईदिन मागदावी लिई अभियोगपत्र दायर भएको देखियो।

प्रतिवादी पृथ्वी बहादुर पाँडेले यस अदालतमा बयान गर्दा स्मार्ट टेलिकमको सामान आफु कार्यरत नेपाल इन्भेष्टमेण्ट मेगा बैंकको लेना रकम बापत लिलाम गरी रकम असुल गरेको हो। अवमुल्यन गरी लिलाम गरेको होईन भनि अभियोग दावी बमोजिमको कसूरमा इन्कार रही अदालतको बयानमा उल्लेख गरेको देखियो।

जाहेरवालाको यी प्रतिवादी उपरको जाहेरी दरखास्त, मिसिल संलग्न खान तलाशी तथा बरामदी मुचुल्का नेपाल इन्भेष्टमेण्ट मेगा बैंकले स्मार्ट टेलिकमसंगको लेना रकम बापत टावरमा प्रयोग हुने सामान लगायतका अन्य सामान नेपाल सरकारको नियन्त्रणमा भैसकेको अवस्थालाई नजर अन्दाज गरी लिलाम गरी रकम असुली गरि लिएको अवस्था तथा घटना बिबरण कागज गर्ने निरज श्रेष्ठ समेतले गरिदिएको घटना विवरण कागज तथा सह प्रतिवादीहरुको बयान समेतका मिसिल संलग्न तत्काल प्राप्त

प्रमाणहरुबाट यी प्रतिवादी पृथ्वी बहादुर पाँडे अहिले नै अभियोग दावी बमोजिमको कसूरमा कसूरदार होइनन भनि मात्र मिल्ने नदेखिंदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिवादी पृथ्वी बहादुर पाँडेबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम रु.४०,०००००।- (चालिस लाख रुपैया) धरौटी जमानत वा बैंक जमानत दिए लिई तारेखमा राखु। निजले सो धरौट, जमानत वा बैंक जमानत दिन नसके ऐ.दफा ६८(२) बमोजिम नजिकको स्थानीय कारागारमा थुनामा राख्न पठाईदिने गरी ऐ.ऐनको दफा ८० बमोजिम आदेश गरी दिएको छ। नियमानुसार गर्नु।

न्यायाधीश

आदेश सुनी सहिछाप गर्ने, प्र. पृथ्वी बहादुर पाँडे

इति सम्वत् २०८३ साल भाद्र महिना २२ गते रोज २ शुभम्.......................................।

बैंकिङ समाचार bankingsamachar.com